# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.:- २०८३।०८४

च.नं.:-

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०५/०४

## परामर्श सेवाका लागि सिलबन्दी प्रस्ताव आह्वानको सूचना

यस नगर कार्यपालिकाको कार्यालयका लागि आ.व. २०८३/८४ मा खरिद गर्नुपर्ने सर्जिकल सामग्री, मेडिकल उपकरण लगायत बायोमेडिकल सामग्रीहरूसँग सम्बन्धित देहाय अनुसारका कार्यहरू गर्न परामर्शदाता (बायोमेडिकल इन्जिनियर) को सेवा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ।

१. सम्पादन गर्नुपर्ने मुख्य कार्यहरू :

- बायोमेडिकल सामग्री तथा मेडिकल उपकरणहरूको स्पेसिफिकेशन (Technical Specification) तयार गर्ने।
- बोलपत्र/प्रस्तावहरूको प्राविधिक मूल्याङ्कन (Technical Evaluation) गर्ने।
- आपूर्ति भएका सामग्रीहरूको निरीक्षण गरी प्राविधिक प्रतिवेदन (Inspection Report) तयार गर्ने।
- खरिद तथा मर्मत सम्बन्धी अन्य प्राविधिक परामर्श सेवा प्रदान गर्ने।

२. आवश्यक योग्यता तथा संलग्न गर्नुपर्ने कागजातहरूः

- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि।
- नेपाल सरकारको स्वामित्वमा रहेका अस्पताल वा सरकारी निकायमा कार्य गरेको नियुक्ति-पत्र/अनुभवको प्रमाण-पत्र।
- परामर्श प्रस्ताव दरखास्त बापत रु. ५००/- (पाँच सय रूपैयाँ मात्र) यस नगर कार्यपालिकाको राजस्व खातामा जम्मा गरेको रसिदको प्रतिलिपि।
- सिलबन्दी आर्थिक प्रस्ताव ।

३. अन्य सर्तहरूः

- सूचना प्रकाशित मितिले ७ औं दिनको कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव यस कार्यालयको स्वास्थय शाखामा दर्ता गराइसक्नुपर्नेछ।
- म्याद नाघि आएका वा रीत नपुगेका प्रस्तावहरू माथि कुनै कारबाही गरिने छैन।

नि.प्रमुख प्रशासकीय अधिकृत